# गण्डकी विश्वविद्यालय

## वार्षिक प्रतिवेदन

## २०८०/०८१




गण्डकी विश्वविद्यालयको निर्माणाधीन
मुख्य प्रशासनिक भवन

Gandaki University

# गण्डकी विश्वविद्यालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

फोनः ०६१ -४५०२४९

E-mail: info@gandakiuniversity.edu.np

Web.http//gandakiuniversity.edu.np

गण्डकी विश्वविद्यालय ऐन, २०७६ को दफा (४८) को व्यवस्था बमोजिम
गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यू समक्ष पेस गरिएको

# वार्षिक प्रतिवेदन
# २०८०/०८१

**गण्डकी विश्वविद्यालय**

गण्डकी प्रदेश, पोखरा
नेपाल

फोनः ०६१ -४५०२४९
E-mail: info@gandakiuniversity.edu.np
Web.http//gandakiuniversity.edu.np

# गण्डकी विश्वविद्यालय

## गण्डकी प्रदेश, पोखरा, नेपाल


प.स. : ०८१।०८२

च.न. :

मिति: ......................

माननीय मुख्यमन्त्री ज्यू,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

गण्डकी प्रदेश, पोखरा।

**विषयः वार्षिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस गण्डकी विश्वविद्यालय ऐन, २०७६ को नियम ४८ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन मुख्यमन्त्री समक्ष पेश गरिएको व्यहोरा अनुरोध गर्दछु।

.......................................

प्रा. डा. कैलाशनाथ प्याकुर्याल

अध्यक्ष

न्यासिक परिषद, गण्डकी विश्वविद्यालय


Phone: 061-450249, email: info@gandakiuniversity.edu.np, web: www.gandakiuniversity.edu.np

# भूमिका

एक्काइसौं शताब्दीको उच्च शिक्षा रोजगारमूलक र विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान् विद्यार्थीहरू उत्पादन गर्ने खालको हुनुपर्छ। देश विकासको लागि उच्च शिक्षाको ठूलो महत्त्व हुन्छ। गुणस्तरीय शिक्षा दिन सकेमा मात्र दक्ष जनशक्ति उत्पादनको सम्भावना रहन्छ त्यसैले विश्वविद्यालयहरूले समयसापेक्ष पाठ्यक्रम तयार गरी सरकारी, गैरसरकारी र व्यावसायिक क्षेत्रमा आवश्यक पर्ने आधुनिक ज्ञान र सिपयुक्त जनशक्तिहरू उत्पादन गर्नुपर्छ। विश्वविद्यालयबाट उत्पादन हुने जनशक्तिहरू बहुआयामिक, प्रतिस्पर्धात्मक र वैज्ञानिक ढङ्गले अनुसन्धान तथा खोजमूलक कार्य गर्न सक्ने हुनुपर्छ। सानातिना व्यक्तिगत स्वार्थलाई त्यागी देशको आर्थिक विकास र समृद्धिको लागि समर्पित हुनुपर्दछ। उच्च शिक्षा अध्ययन गर्ने कुल विद्यार्थीमध्ये ८५ प्रतिशत साधारण शिक्षा र १५ प्रतिशत मात्र प्राविधिक शिक्षा अध्ययन गर्ने भएकाले उच्च शिक्षा नीति बनाउँदा प्राविधिक र व्यवसायिक शिक्षालाई जोड दिनुपर्छ।

विद्यमान विज्ञान र प्रविधिको प्रतिस्पर्धात्मक युगमा शिक्षा विकासको मेरुदण्ड हो। साथै मानव सभ्यताको उपज हो। विश्वसँग प्रतिस्पर्धा गरी समयानुकूल अगाडि बढ्न र सफलता प्राप्त गर्न शिक्षा जीवनको अपरिहार्य विषय हो।

नेपालमा वि.सं. १९१० मा अङ्ग्रेजी प्रारम्भिक स्कुल (दरबार हाई स्कुल) को स्थापना गरेपछि शिक्षाको थालनीपश्चात राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनसँगै समयसापेक्ष परिवर्तनहरू देखा परे। वर्तमान नेपालको संविधान २०७२ सँगै राजनीतिक परिवर्तनपछि मुलुकको सर्वाङ्गीण विकासका लागि शिक्षालाई महत्त्वपूर्ण पक्षका रूपमा मनन गरियो र प्रदेश सरकारलाई उच्च शिक्षाको व्यवस्थापन तथा सञ्चालनको अधिकार प्रदान गरियो।

यसै सन्दर्भमा गण्डकी प्रदेश सरकारले गण्डकी विश्वविद्यालय ऐन, २०७६ अनुसार वि.सं. २०७६ साल फागुन ४ गते गण्डकी विश्वविद्यालयको स्थापना गरेको हो। गण्डकी विश्वविद्यालय न्यासिक परिषद् (Board of Trustee) को अवधारणामा सञ्चालित नेपालको पहिलो विश्वविद्यालय हो। यसको आफ्नो छुट्टै ऐन र ऐनमा आधारित विभिन्न नियमावलीहरू छन्। यस विश्वविद्यालयले पठनपाठन, अनुसन्धान, आविष्कार र अन्वेषणको क्षेत्रलाई विशेष महत्त्व दिएर विभिन्न कार्यक्रमहरू अगाडि बढाइरहेको छ। पठनपाठनका सन्दर्भमा स्नातक तहमा सूचना प्रविधि (IT), खेलकुद व्यवस्थापन (Sports Management), बी. फर्मा (B. Pharma), कानुन (Law) मा BALLB र व्यवस्थापन (BBA) का

कक्षाहरू सञ्चालित छन् भने स्नातकोत्तर तहमा MIT-AI का कक्षाहरू सञ्चालित छन्। भविष्यमा खानी (Mines) वातावरण विज्ञान (Analytical Environment Science), कृषि (Agriculture), ईन्जिनियरिङ (Engineering), उद्यमशीलता (Entrepreneurship) Municipality Development Planning जस्ता प्राविधिक शैक्षिक कार्यक्रमहरू ल्याउन उपयुक्त हुन्छ भन्ने सन्दर्भमा विश्वविद्यालयले तयार गरेको Academic Need Assessment र दश बर्से रणनीतिक योजना (Ten - Years Strategic Plan) ले देखाएको बाटो अवलम्बन गरी अगि बढिरहेको छ। यसै सन्दर्भमा गण्डकी विश्वविद्यालयले आफ्ना नियमित कार्यक्रमहरू उपलब्ध स्रोत साधनको आधारमा गुणस्तर कायम राख्दै अगि बढाएको छ। जसअनुसार मौजुदा जमिनको संरक्षण तथा व्यवस्थापन गर्ने तथा आवश्यक शैक्षिक एवम प्रशासनिक भवनहरूको निर्माण गर्ने जस्ता कार्यहरू प्राथमिकताका साथ अघि बढाइएको यस प्रतिवेदनमार्फत यहाँहरूसमक्ष राख्न पाउदा खुसी लागेको छ।

अन्तमा, यस वार्षिक प्रतिवेदनमा आ.व. २०८०/०८१ का गतिविधि झल्काउने खालका सूचना तथा तथ्याङ्कहरूलाई समावेश गरिएको छ। वार्षिक प्रतिवेदनलाई तयार गर्न सहयोग गर्नुहुने विश्वविद्यालयका सम्पूर्ण पदाधिकारी, शिक्षक/प्राध्यापक एवम कर्मचारीहरूप्रति हार्दिक धन्यवाद।

# विषयसूची


१. पृष्ठभूमि ............ १

२. नीति निर्माण ............ ३

२.१ प्राज्ञिक आवश्यकता (Academic Need Assessment) अध्ययन कार्यदल .......... ३

२.२ विश्वविद्यालय दश बर्से रणनीतिक योजना ............ ४

२.३ नियमावली तथा कार्यविधि तयारी ............ ४

३. गण्डकी विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरू ............ ५

३.१ Masters of Information technology- Artificial Intelligence (MIT-AI) Program ... ५

३.२ कानुन (Bachelor of Arts, Bachelor of legislative Law - BALLB) ............ ५

३.३ बी.बी.ए. (Bachelor of Business Administration) ............ ६

३.४ बी.आई.टी. (Bachelor in Information Technology) ............ ८

३.५ खेलकुद व्यवस्थापन (Bachelor in Sports Management) ............ ८

३.६ बी. फर्मा. (Bachelor in Pharmacy) ............ १०

४. आर्थिक पक्ष ............ १३

४.१ आर्थिक वर्ष २०८०।८१ ............ १३

५. भावी नीति तथा कार्यक्रमहरू ............ १८

६. गण्डकी विश्वविद्यालयको सङ्गठन ............ २१

६.१ साङ्गठनिक संरचना ............ २१

७. गण्डकी विश्वविद्यालय न्यासिक परिषद् ............ २३

७.१ न्यासिक परिषद् गठन ............ २३

७.२ वर्तमान न्यासिक परिषद् ............ २३

७.३ न्यासिक परिषद्को बैठक ............ २४

८. गण्डकी विश्वविद्यालयका पदाधिकारी ............ २५

९. गण्डकी विश्वाविद्यालयको कार्यकारी परिषद् ............ २६

९.१ कार्यकारी परिषद् गठन ............ २६

१०. सल्लाहकार परिषद्को गठन ........ २७
११. गण्डकी विश्वविद्यालयको प्राज्ञिक परिषद् ........ २८
११.१ प्राज्ञिक परिषद् गठन ........ २८
११.२ वर्तमान प्राज्ञिक परिषद् ........ २८
१२. वर्तमान जनशक्ति व्यवस्थापन समिति ........ २९
१३. गण्डकी विश्वविद्यालयको वर्तमान परीक्षा समिति ........ ३०
१३.१ परीक्षा समितिले तय गरेका अन्तिम/बाह्य परीक्षा विधि एवम् सञ्चालनसम्बन्धी ... ३०
१३.२ आ.व. २०८०-०८१ को असार मसान्तसम्म परीक्षा समितिले प्रकाशन गरेको ... ३०
१४. पाठ्यक्रम विकास समितिको गठन ........ ४०
१४.१ पाठ्यक्रम निर्माण ........ ४०
१५. अन्तर्राष्ट्रिय सम्बन्ध र विकास मामिला
(International Relations and Development Affairs) ........ ४१
१६. गण्डकी विश्वविद्यालयका विषय समितिहरू ........ ४४
१६.१ ओ. एन्ड. एम. (O & M) अध्ययन कार्यदल निर्माण ........ ४४
१६.२ उपसमितिहरू ........ ४५
१७. अनुसन्धान, अन्वेषण तथा आविष्कार ........ ४६
१८. छात्रवृत्ति कार्यक्रम ........ ५०
१९. कर्मचारी व्यवस्थापन ........ ५९
२०. कार्यालय व्यवस्थापन ........ ६३
२१. चुनौतीहरू ........ ६६
२१.१ महत्त्वपूर्ण सिकाइहरू (Learning points) ........ ६७
२२. सारांश ........ ६८
अनुसूचीहरूः ........ ६९
अनुसूची १ः ........ ६९
अनुसूची २ः ........ ७१

# तालिका सूची


तालिका नं. १: आर्थिक वर्ष २०८०/८१ सम्बन्धी विवरण ........................................ १३

तालिका नं. २: आ.व. २०८०/८१ को पुँजीगत खर्च विवरण .................................. १३

तालिका नं. ३: आ.व. २०८०/०८१ को चालु खर्च विबरण ..................................... १६

तालिका नं. ४: ढाँचा (चार्टमा) ........................................................................ २२

तालिका नं. ५: वर्तमान न्यासिक परिषद् ............................................................ २३

तालिका नं. ६: वर्तमान विश्वविद्यालयका पूर्णकालीन पदाधिकारीहरू ................................ २५

तालिका नं. ७: वर्तमान कार्यकारी परिषद् .......................................................... २६

तालिका नं. ८: वर्तमान सल्लाहकार परिषद् ......................................................... २७

तालिका नं. ९: वर्तमान प्राज्ञिक परिषद् ............................................................ २८

तालिका नं. १०: वर्तमान जनशक्ति व्यवस्थापन समिति ............................................. २९

तालिका नं. ११: BIT कार्यक्रमको प्रकाशित नतिजा ................................................. ३१

तालिका नं. १२: BSM कार्यक्रमको प्रकाशित नतिजा ............................................... ३१

तालिका नं. १३: B. Pharm कार्यक्रमको प्रकाशित नतिजा ......................................... ३२

तालिका नं. १४: BBA कार्यक्रमको प्रकाशित नतिजा ............................................... ३२

तालिका नं. १५: BALLB कार्यक्रमको प्रकाशित नतिजा ............................................. ३३

तालिका नं. १६: आ.व. २०८०-०८१ मा सम्पन्न भएका अन्तिम/बाह्य परीक्षाको .............. ३३

तालिका नं. १७: २०८०-०६-०४ देखि २०८०-०६-२५ मा सम्पन्न परीक्षा तालिका ......... ३४

तालिका नं. १८: २०८०-०८-१५ देखि २०८०-०९-०१ मा सम्पन्न परीक्षा तालिका ......... ३६

तालिका नं. १९: २०८०-१२-०९ देखि २०८१-०१-०२ मा सम्पन्न परीक्षा तालिका ......... ३६

तालिका नं. २०: २०८१-०१-०८ देखि २०८१-०२-०१ मा सम्पन्न परीक्षा तालिका ......... ३९

तालिका नं. २१: २०८१-०२-१७ देखि २०८१-३-२४ मा सम्पन्न भएको परीक्षा तालिका ... ३९

तालिका नं. २२: पाठ्यक्रम विकास समितिको गठनसम्बन्धी विवरण ................................. ४०

तालिका नं. २३: पाठ्यक्रम निर्माणसम्बन्धी विवरण ................................................ ४०

तालिका नं. २४: ओ एन्ड एम् (O & M) अध्ययन कार्यदल ........................................ ४४

तालिका नं. २५: Bachelor in sport Management (BSM) First Intake, २०७८/७९ ..... ५०
तालिका नं. २६: Bachelor in sport Management (BSM) Second Intake, २०७८/७९ . ५१
तालिका नं. २७: Bachelor in sport Management (BSM) Third Intake, २०७९/८० .... ५१
तालिका नं. २८: Bachelor in Information Technology (BIT) First Intake, २०७८/७९ . ५१
तालिका नं. २९: Bachelor in Information Technology (BIT) Fourth Semester Topper . ५१
तालिका नं. ३०: Bachelor of Information Technology Second Intake, २०७८/७९ ... ५२
तालिका नं. ३१: Bachelor of Information Technology Third Semester Topper ............ ५२
तालिका नं. ३२: Bachelor of Information Technology Third Intake, २०७९/८० ...... ५२
तालिका नं. ३३: Bachelor of Information Technology Second Semester Topper ........ ५२
तालिका नं. ३४: Bachelor in Business Administration (BBA) First Intake, २०७८/७९. ५३
तालिका नं. ३५: Bachelor in Business Administration (BBA) Second Intake ............... ५३
तालिका नं. ३६: Bachelor in Business Administration (BBA) Second .......................... ५३
तालिका नं. ३७: Bachelor of Arts/ Law (BALLB) First Intake, २०७८/७९ ............... ५३
तालिका नं. ३८: खेलाडी छात्रवृत्तिसम्बन्धी विवरण ...................................................... ५४
तालिका नं. ३९: Bachelor of Arts/Law (BALLB) Second Intake, २०७९/८० ........... ५४
तालिका नं. ४०: Bachelor of Arts/ Law (BALLB) Second Semester Topper ................. ५४
तालिका नं. ४१: Bachelor of Information Technology Fourth Intake, २०८०/८१ .... ५५
तालिका नं. ४२: Bachelor of Arts, Bachelor of Law Third Intake, २०८०/८१ ......... ५५
तालिका नं. ४३: Bachelor of Business Administration Third Intake, २०८०/८१ ...... ५५
तालिका नं. ४४: Bachelor of Information Technology Fourth Intake, २०८०/८१ ..... ५६
तालिका नं. ४५: Bachelor of Information Technology Fourth Intake, २०८०/८१ ..... ५६
तालिका नं. ४६: Bachelor of Business Administration Third Intake, २०८०/८१ ..... ५६
तालिका नं. ४७: Bachelor in Sports Management Fourth Intake, २०८०/८१ ........... ५७
तालिका नं. ४८: अत्यन्त विपन्न तथा आर्थिक अवस्था कमजोर (Needy) विद्यार्थीहरूलाई ...... ५७
तालिका नं. ४९: चिकित्सा शिक्षा आयोगको ऐनअन्तर्गत फार्मेसी कार्यक्रममा ७५ प्रतिशत ..... ५८
तालिका नं. ५०: विश्वविद्यालयमा कार्यरत पदाधिकारी, शिक्षक र कर्मचारीको एकमुष्ठ ........... ६०

# १. पृष्ठभूमि

पछिल्लो समय गुणस्तरीय शिक्षाका लागि बिदेसिने विद्यार्थीहरूको सङ्ख्या बर्सेनि बढ्दो छ। उच्च शिक्षाका लागि विदेश जानु गलत हो, होइन फरक बहस हुन सक्ला तर हजारौं दक्ष जनशक्तिहरू विदेश पलायन हुँदा राष्ट्रिय समस्या पैदा भएको छ। बर्सेनि उच्च शिक्षा भन्दै बिदेसिएका विद्यार्थीले अरबौं रकम विदेश लिएर गएका छन्। कक्षा १२ उत्तीर्ण गरेपछि धेरै विद्यार्थीहरू उच्च शिक्षा हासिल गर्न भनेर बिदेसिने गर्दछन् तर के कति विद्यार्थीहरूले उच्च शिक्षा हासिल गरेर स्वदेश फर्किए हामीसँग अभिलेख छैन। हामीले उच्च शिक्षा प्रदान गरेपछि विद्यार्थीको सुरक्षित भविष्य बनाउन सकिरहेका छैनौं। उच्च शिक्षा हासिल गरेर विदेशमा स्थायी बसोबासको मनस्थिति लिई गएका दक्ष जनशक्तिलाई फर्काउने वातावरण बनाउने र देशमा उत्पादित जनशक्तिलाई स्वदेशमा नै खपत गर्न सक्ने रोजगारीको वातावरण सिर्जना गर्नु अति आवश्यक देखिन्छ।

हाम्रो शिक्षा समयसापेक्ष परिष्कृत नभएको तथा परम्परागत शिक्षण प्रणालीबाट माथि उठ्न नसकेको भनी अनेक आरोप खेप्नुपरेको छ। नेपालको शिक्षा प्रणालीले अझै पनि परम्परागत प्रणालीबाहिर निस्किएर विश्वसँग प्रतिस्पर्धा गर्न नसकेको देखिन्छ। हामीले प्रदान गर्ने शिक्षा व्यवसायमूलक हुन सकेमा मात्र यसको उपयोगिता हुने छ। केवल कोरा सैद्धान्तिक ज्ञानको शिक्षाले बेरोजगारी बढाउनेबाहेक केही गर्दैन। सरकारी शिक्षण संस्थामा हुने राजनीतिकरणका कारण सरकारी विद्यालयको शैक्षिक उपलब्धि कमजोर भएको हो। सरकारी शिक्षण संस्थामा राज्यले अरबौं लगानी गरे पनि त्यो लगानी बालुवामा पानी हालेसरह भएको छ। निजी शैक्षिक क्षेत्रमा पनि असमान तलब सुविधा आदिका कारण शिक्षकहरू मारमा परेका छन्।

शिक्षाको लक्ष्य सक्षम समाज निर्माण गर्नु हो। समय र परिस्थितिलाई काबुमा राखेर अगाडि बढ्न सक्ने जमात खडा गर्नु शिक्षाको कर्तव्य हो। नेपालले वि.सं. २०२८ तिर भित्र्याएको ढाँचाको शिक्षा आजसम्म पनि कायमै छ। हाम्रो शिक्षा प्रणाली व्यावहारिक र अनुसन्धानमूलक छैन। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्न सकेको छैन।

सरकारका विभिन्न तहमा निर्माण हुने योजना, नीति तथा कार्यक्रम र हरेक स्थानीय तहका फरक फरक प्राथमिकताहरूलाई एकीकृत गरेर दिगो विकासका लक्ष्यसँग मिलान गर्दै स्थानीय विविधताको सम्मान र स्थानीय सिपको जगेर्ना गर्दै तोकिएका लक्ष्य हासिल गर्नुपर्ने छ। यसका लागि व्यावहारिक रूपले कार्यान्वयन हुन सक्ने प्रभावकारी योजना, नीति तथा कार्यक्रम तय गरिनु आवश्यक छ। दिगो विकासका लक्ष्यहरू र त्यसको सान्दर्भिकतालाई सबै तहमा आत्मसात गर्नुपर्ने देखिन्छ। दिगो

विकासका लक्ष्य हासिल गर्न हाल विनियोजित वार्षिक बजेट अपर्याप्त छ। साथै लक्ष्यहरू हासिल गर्ने प्रतिबद्धता र इमान्दारपूर्ण कार्यान्वयनको उत्तिकै आवश्यकता छ।

विद्यमान समस्यालाई चिर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले न्यासिक परिषद्को (Board of Trustee) अवधारणामा सञ्चालित नेपालको पहिलो विश्वविद्यालय गण्डकी विश्वविद्यालय हो। छुट्टै ऐनमा आधारित यस विश्वविद्यालयले पठनपाठन, अनुसन्धान र आविष्कारको क्षेत्रलाई विशेष महत्त्व दिएर विभिन्न कार्यक्रमहरू अगाडि बढाइरहेको छ। पठनपाठनका सन्दर्भमा सूचना प्रविधि (IT), खेलकुद व्यवस्थापन (Sports Management), बी. फर्मा (B. Pharma), कानुन (BALLB) र व्यवस्थापन (BBA) विषयमा स्नातक तहमा कार्यक्रमहरू सञ्चालित छन् र भविष्यमा खानी (Mines), कृषि (Agriculture), इन्जिनियरिङ (Engineering), उद्यमशीलता (Entrepreneurship) जस्ता प्राविधिक विषयहरूलगायत के कस्ता शैक्षिक कार्यक्रमहरू ल्याउन उपयुक्त हुन्छ भन्ने सम्बन्धमा विश्वविद्यालयले तयार गरेको Academic Need Assessment र दश वर्षे रणनीतिक योजनाले (A Ten Years Strategic Plan) ठम्याएको मार्ग अवलम्बन गर्ने छ। त्यसको साथै कोदाको रक्सीबारे (Millet Liquor) अनुसन्धान कार्य अन्तिम चरणमा पुगेको छ र आविष्कार केन्द्रलाई (Innovation Center) सञ्चालनमा ल्याउन तयारी गर्न कार्य अगाडि बढेको अवस्था छ। अन्तर्राष्ट्रिय क्षेत्रमा अमेरिका, जापान र कोरियाका केही विश्वविद्यालयहरूसँग सहकार्यका प्रस्तावहरू आएका छन् र केहीसँग MoU भइसकेको छ। विश्वविद्यालयले करिब ५२६ रोपनी भोगाधिकार प्राप्त गरी उक्त जमिन संरचना निर्माण गुरुयोजना तयार गरी DPR अन्तिम चरणमा पुगेको छ। पदाधिकारी, प्राध्यापक र कर्मचारीहरूको प्रयासबाट यस विश्वविद्यालयलाई गुणस्तरीय शिक्षा प्रदान गर्नेतर्फ हामी सबै लागिपरेका छौं।

विश्वविद्यालय स्थापना भएको पाँच वर्ष भएको छ। यस अवधिमा विश्वव्यापी रुपमा आएको कोभिड -१९ ले करिब डेढ वर्ष जति हामीलाई प्रत्यक्ष/परोक्ष रूपमा प्रभाव पार्‍यो तर यसपछि हामी निरन्तर अगाडि बढेका छौं। यस विश्वविद्यालयले सञ्चालन गरेका उल्लिखित कार्यक्रमहरूलाई व्यवस्थित र मर्यादित रूपमा अगाडि बढाउन नियमित पठनपाठन गर्नुका साथसाथै समुदायसँग शिक्षा, शोध अनुसन्धान जोड्दै प्रविधिमा आधारित अनुसन्धानमा (Innovation) मा जोड दिँदै आएको छ।

# २. नीति निर्माण

विश्वविद्यालय सञ्चालनका लागि आवश्यक पर्ने नीति, रणनीति, नियमकानुन तर्जुमाको चरण सबैभन्दा महत्त्वपूर्ण हुन आउँछ। अनुसन्धानमा आधारित तथ्यपरक सही नीतिहरूले मात्रै शैक्षिक क्रियाकलापको प्रभावकारिता, राज्यप्रति जनविश्वास, विश्वविद्यालय र विद्यार्थीबिचको सम्बन्धको आधार, राष्ट्रिय स्वार्थ तथा राष्ट्रिय समृद्धि हासिल गर्ने लक्ष्य, राष्ट्रिय एकता र अखण्डता, परराष्ट्र सम्बन्धको सुदृढीकरण जस्ता महत्त्वपूर्ण पक्षहरूको प्रवर्द्धन गर्छ। त्यसकारण विश्वविद्यालयले बनाउने हरेक नीतिहरू वैज्ञानिक पद्धतिमा आधारित, विद्यार्थी र राष्ट्रका अपेक्षा र आवश्यकतालाई सम्बोधन गर्ने गरी बन्नुपर्छ। परिवर्तित सन्दर्भ र परिवेशमा नीति निर्माण र परिमार्जन एक निरन्तररूपमा चलिरहने चक्र हो।

त्यसैले विश्वविद्यालयले शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुअघि कुन कुन विषयमा पढाइ गर्ने हो सोसम्बन्धी आवश्यकताको पहिचान गर्न अध्ययन कार्यदल निर्माण गरिएको थियो। विश्वविद्यालयको गन्तव्य पहिचान गर्न रणनीतिक योजना तयार गर्नसमेत त्यति नै आवश्यक भएकाले विभिन्न कार्यदल बनाइएका थिए, जुन निम्नानुसार रहेका छन्ः

### २.१ प्राज्ञिक आवश्यकता (Academic Need Assessment) अध्ययन कार्यदल

विश्वविद्यालयहरू ज्ञानभूमि, अनुसन्धान र आविष्कारको तारापुञ्ज मानिन्छन्। आज संसारभरका विकसित देशको पहिचान, विकास र मानव सभ्यता जस्ता मापदण्डका श्रेय पनि त्यस देशका विश्वविद्यालयले गरेका अनुसन्धानमूलक आविष्कारको उपजलाई नै मान्ने गरेको भेटिन्छ। हिजोका दिनमा समेत ऋषिमुनिका तपोभूमि वा तक्षशिलाजस्ता विश्वविद्यालयले अनुसन्धानमार्फत संसारभर नै ज्ञान भण्डारको उद्‌गमस्थल र सभ्यताको पाठशालाको पहिचान बनाएको पाइन्छ।

अतः गण्डकी विश्वविद्यालयले यस प्रदेशमा कुन कुन विषयहरूको तहगत अध्यापन सञ्चालन गर्दा उपयुक्त हुने हो, त्यसबारे जानकारी लिन आवश्यक रहेको महसुस गरी Academic Need Assessment गर्नको लागि विभिन्न विद्वान् र अनुसन्धान क्षेत्रमा कार्यरत संस्थाहरूसँग प्रस्तावहरू आह्वान गरी प्रतिस्पर्धाको आधारमा छनोट भएका परामर्शदाताहरूमध्येबाट अध्ययन कार्यदल बनाइएको थियो र सोबारे प्रतिवेदन बुझाउने काम अध्ययन टोलीले गरेको छ। आगामी शैक्षिक सत्रदेखि कुन कुन विषयमा पढाइ सञ्चालन गर्न उपयुक्त हुने हो भन्नेबारे प्रतिवेदनले दिएको सुझावको आधारमा आगामी शैक्षिक कार्यक्रमबारे निर्णय गर्दै विश्वविद्यालय अगाडि बढ्ने छ।

## २.२ विश्वविद्यालय दश वर्से रणनीतिक योजना

रणनीतिक योजनाले विश्वविद्यालयलाई स्पष्ट दिशा प्रदान गर्न, मापनयोग्य लक्ष्यहरूलाई रूपरेखा प्रदान गर्न तथा निर्णयहरू गर्न सक्षमताका लागि आवश्यक मार्गदर्शन गर्दछ। साथै, रणनीतिक योजनाले अपेक्षित उद्देश्यहरू प्राप्त गर्न रोडम्यापको रूपमा कार्य गर्दछ।

गण्डकी विश्वविद्यालयले पनि आफ्नो vision, mission अनुरूपका उद्देश्यहरू प्राप्त गर्न निर्माण गरेको अध्ययन कार्यदलले चरणबद्ध क्रियाकलापहरू उल्लेख गरी दश बर्से रणनीतिक योजना प्रतिवेदन विश्वविद्यालयमा बुझाउने काम गरेको छ। त्यस प्रतिवेदनलाई अन्तिम रूप दिन काठमाडौँमा नै एउटा कार्यशाला चलाई विदेशी विद्वानहरूसमेतबाट राय सुझाव लिइएको थियो। उक्त प्रतिवेदन गण्डकी विश्वविद्यालय, न्यासिक परिषदबाट अनुमोदन भई हाल कार्यन्वयनमा रहेको छ।

## २.३ नियमावली तथा कार्यविधि तयारी

गण्डकी विश्वविद्यालयका लागि आवश्यक पर्ने शैक्षिक प्रशासन नियमावली २०७७, शिक्षक तथा कर्मचारी नियमावली २०७७, गण्डकी विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८, आर्थिक प्रशासन नियमावली २०७७ र गण्डकी विश्वविद्यालय छात्रवृत्ति कार्यविधि २०७८ तयार पारिएको थियो। यसमध्ये शिक्षक तथा कर्मचारी नियमावलीले व्यावहारिक कठिनाइहरूलाई सम्बोधन गर्न नसकेकाले पुनर्लेखन गरी समायानुकूल बनाई गण्डकी प्रदेश, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयलाई यसबारे जानकारी गराइएको थियो।

# ३. गण्डकी विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरू

यस विश्वविद्यालयको पठनपाठनका सन्दर्भमा सूचना प्रविधि (IT), खेलकुद व्यवस्थापन (Sports Management), बी. फर्मा (B. Pharma), कानुन (BALLB) र व्यवस्थापन (BBA) विषयमा स्नातक तहमा कार्यक्रमहरू सञ्चालित छन्। यसबारे सङ्क्षिप्त जानकारी निम्नानुसार प्रस्तुत गरिएको छः

## ३.१ Masters of Information technology- Artificial Intelligence (MIT-AI) Program

गण्डकी विश्वविद्यालयले पहिलो स्नातकोत्तर कार्यक्रमअन्तर्गत Masters of Information technology-Artificial Intelligence (MIT-AI) सञ्चालन गरेको छ। यो कार्यक्रम २ वर्ष, ४ सेमेस्टरको हुने छ। विशेष गरी यो कार्यक्रम Artificial Intelligence मा केन्द्रित हुने गरी सञ्चालन हुने छ। यो कार्यक्रमको Intake capacity १०-२० सिटको हुने छ। हाल पहिलो ब्याचमा १७ जना विद्यार्थीहरू अध्ययनरत छन्। पहिलो ब्याचको अध्यापन २०८१ असोज महिनादेखि सञ्चालनमा आएको छ। नेपालमा नै पहिलो पटक यस कार्यक्रममा विद्यार्थीहरूलाई Assistantship उपलब्ध गराइएको छ। पहिलो ब्याचमा ५ जना विद्यार्थीहरूलाइ Assistantship उपलब्ध गराइएको छ। आवश्यकताका आधारमा शिक्षकहरू व्यवस्थापन गरी अध्यापन कार्य सञ्चालन गरिएको छ।

## ३.२ कानुन (Bachelor of Arts, Bachelor of legislative Law - BALLB)

गण्डकी विश्वविद्यालयले वि.सं. २०७८ मा बी.ए.एल.एल.बी. (BALLB) कार्यक्रमको पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ बाट यस कार्यक्रमको पठनपाठन सुरु गरेको हो। यस कार्यक्रमअन्तर्गत मूलतः मानविकी र कानुनका विषयहरू गरी कुल १९० क्रेडिट विषय भार रहेको छ।

कार्यक्रमअन्तर्गत पाँचौ सेमेस्टरसम्मका कक्षाहरू सञ्चालन हुँदै आएका छन्। यस कार्यक्रममा हाल ११७ जना विद्यार्थीहरू अध्ययरत छन्। संयोजकसहित ३ जना पूर्णकालीन उपप्राध्यापक तथा आवश्यकताका आधारमा आंशिक शिक्षक बी.ए.एल.एल.बी. कार्यक्रममा कार्यरत छन्।

### ३.२.१ यस शैक्षिक वर्षमा बी.ए.एलएल.बी. कार्यक्रमअन्तर्गत सम्पादित कार्यः

- कोभिडको कारण तेस्रो सेमेस्टरलाई शैक्षिक क्यालेन्डरअनुरूप मिलाउनको लागि आवश्यक अध्यापन कार्यलाई थप कक्षाहरूसमेतको प्रबन्ध गरी परीक्षालाई रुटिनअनुरूप एकै समयमा मिलाउने कार्य गरिएको
- विद्यार्थी र शिक्षकहरूलाई अध्ययन अध्यापनमा बढी सशक्त ढङ्गबाट अघि बढ्न आवश्यक नियमन र निर्देशन कार्यको निरन्तरताले बोर्ड परीक्षामा सफल हुने विद्यार्थीहरूको सङ्ख्या र

स्कोर जिपिएमा समेत ऐतिहासिक सफलता प्राप्त भएको

- कानुन अध्ययनको लागि अत्यावश्यक अदालती अभ्यासमा यो वर्ष अन्तर्राष्ट्रिय मुट कोर्ट प्रतिस्पर्धामा विद्यार्थीहरूले सफलताका साथ प्रवेश पाएका छन् भने अन्तरविश्वविद्यालय मुट प्रतिस्पर्धामा विद्यार्थीहरू प्रभाबकारी रूपले प्रतिस्पर्धी बनेका
- वि.सं. २०८१ फागुन महिनादेखि बिहानी समयमा १०:०० बजेसम्म सञ्चालन हुने कार्यक्रमलाई मध्याह्नसम्म सञ्चालन गर्ने कार्य गरियो, जसको कारण दैनिक ५ पिरियडसम्म सञ्चालन गर्न सहज भएको
- कानुन कार्यक्रम सञ्चालन भए यता विश्वविद्यालयको आफ्नै नमुना अदालतमा पहिलो पटक अभ्यास अदालत प्रतियोगिता सञ्चालन गर्न सुरुवात भएको
- बार र बेन्चको अन्योन्याश्रित सम्बन्ध रहने भएकाले २०८१ असारमा न्यायाधीशहरू र विद्यार्थीहरूबिच न्यायिक क्षेत्र र सो सम्बन्धमा २ दिवसीय साक्षात्कार कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको
- विश्वविद्यालय र नेपाल बार काउन्सिलसँगको समन्वय अपरिहार्य भएको हुँदा २०८१ असार महिनामा नेपाल बार काउन्सिलका उपाध्यक्ष तथा नेपाल बारका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरे र नेपाल बारका गण्डकी प्रदेश प्रमुखसमेत विश्वविद्यालयमा उपस्थित भई अनुगमन तथा सुझाव प्रदान गर्ने कार्य सम्पन्न, आवश्यकताअनुसार समय समयमा विषय विज्ञसमेतबाट प्रशिक्षण प्रदान गरिएको
- समाजसेवा, सामाजिक उत्तरदायित्वको भावना जागृत गराउने थलो पनि विश्वविद्यालय भएकाले उक्त भावनाका साथ हाम्रा विद्यार्थीहरू मानव सेवा आश्रममा गई आफ्नो गच्छेअनुसार सहयोग गर्दै आएका
- न्यायिक तथा अर्ध न्यायिक निकायहरू जस्तै जिल्ला प्रशासन कार्यालय, कारागार कार्यालय, जिल्ला प्रहरी कार्यालय र पोखरास्थित उच्च अदालत र कास्की जिल्ला अदालतमा विद्यार्थीहरूलाई तालिका बनाई अवलोकन भ्रमण गराउँदै आइएको

### ३.३ बी.बी.ए. (Bachelor of Business Administration)

विद्यार्थीहरूलाई सैद्धान्तिकभन्दा व्यावहारिक मात्रामा ज्ञान प्रदान गरी व्यवस्थापकीय क्षमतायुक्त दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ सञ्चालित बी.बी.ए. कार्यक्रमको प्रमुख उद्देश्य विभिन्न सङ्घसंस्थामा आवश्यक व्यवस्थापकीय तथा नेतृत्वदायी भूमिका निर्वाह गरी समाजमा सकारात्मक

परिवर्तन गर्न सक्ने मानव संसाधन उत्पादन गर्नु हो। बी.बी.ए. कार्यक्रमले नवीनतम् पाठ्यक्रम, प्रविधि तथा अनुसन्धानमैत्री अध्ययनअध्यापन विधिहरू अवलम्बन गरेको छ। यसले विद्यार्थीहरूलाई व्यावहारिक र समाज केन्द्रित शिक्षण विधिमा आधारित ज्ञान प्रदान गरिरहेको छ।

पहिलो ब्याचका विद्यार्थीहरू हाल पाँचौं सत्रको अन्तिम परीक्षा सकेर छैटौं सत्रको अध्ययन प्रारम्भ गर्न लागेका छन्। यस शैक्षिक वर्षमा पहिलो, तेस्रो, पाँचौं र छैटौं सत्रका नियमित कक्षाहरू सञ्चालन भइरहेका छन्।

कार्यक्रमअन्तर्गत पाँचौ सेमेस्टरसम्मका कक्षाहरू सञ्चालन हुँदै आएका छन्। यस कार्यक्रममा हाल ९३ जना विद्यार्थी रहेका छन् साथै ५ जना पूर्णकालीन तथा आवश्यकताका आधारमा आंशिक शिक्षक व्यवस्थापन गरी अध्यापन कार्य भईरहेको छ।

**बी.बी.ए (Bachelor of Business Administration) कार्यक्रमअन्तर्गत सम्पादित कार्यहरूः**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त शिक्षाविद्, उद्योगी तथा व्यापारीहरूद्वारा अतिथि कक्षाहरू सञ्चालन
- पाँचौं र दोस्रो सत्रका विद्यार्थीहरूले त्रिभुवन विश्वविद्यालयका निवर्तमान डिन प्राध्यापक डा. रमेशराज कुँवरबाट Triple Helix मोडलका साथै शिक्षा, उद्योग र सरकारको संयोजनबारे जानकारी हासिल गरेका
- नेपाल एस.बी.आई बैङ्क लिमिटेडको सहकार्यमा वित्तीय साक्षरता र बैङ्किङ क्षेत्रमा रोजगारीका अवसरहरूबारे एक दिने कार्यशाला सम्पन्न
- कार्यक्रमअन्तर्गत विद्यार्थीहरूले सुजल डेरी प्रा.लि.को स्थलगत भ्रमण गरी उत्पादन प्रक्रिया, बजारीकरण, कर्पोरेट सामाजिक उत्तरदायित्व तथा मूल्य निर्धारण प्रक्रियाबारे जानकारी प्राप्त गरेका
- नेपाल युवा उद्यमी मञ्च, अन्तर्राष्ट्रिय श्रम सङ्गठन तथा गण्डकी विश्वविद्यालयको संयुक्त आयोजनामा एक दिने उद्यमशीलता सम्बन्धी कार्यशाला सम्पन्न भएको छ, जसमा विद्यार्थीहरूको सक्रिय सहभागिता रहेको
- समाजशास्त्र तथा मनोविज्ञान विषयअन्तर्गत सिरुवारी होम स्टेको २ दिने भ्रमण गरेर उक्त होम स्टेको सामाजिक-आर्थिक प्रभावबारे अनुसन्धानमूलक अध्ययन गरिएको
- विद्यार्थीहरूले अन्तर्राष्ट्रिय सम्मेलनमा "An Assessment on Relationship Between GDP and National Consumption in Nepal" तथा "Intricate of Female Leadership Presence in

the Upper Echelons of Nepalese Commercial Banks" शीर्षकका अनुसन्धानमूलक लेख प्रस्तुत गरेका

- पाँचौं सत्रमा समावेश Emerging Trends in Management तथा E-business Seminar अन्तर्गत नेपाल राष्ट्र बैङ्क, राष्ट्रिय वाणिज्य बैङ्क, नेपाल बैङ्क लि., पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपाल पर्यटन बोर्ड, ई-सेवा, होटल पोखरा ग्रान्डलगायतका सङ्घसंस्थाका प्रबन्धकहरूसँग औपचारिक संवाद गरी गुणात्मक अनुसन्धान पद्धतिमा आधारित सेमिनार पत्र तयार
- छैटौं सत्रको पाठ्यक्रममा नेपालमै पहिलो पटक Social Immersion Internship समावेश गरिएको तथा सातौं र आठौं सत्रमा ८ हप्ताको कर्पोरेट इन्टर्नसिप, ऐच्छिक, विशेषज्ञताका क्षेत्रहरू र अनुसन्धान प्रतिवेदनका विषयहरू समावेश गरिएको

### ३.४ बी.आई.टी. (Bachelor in Information Technology)

BIT कार्यक्रम वि.सं. २०७८ सालदेखि सुरुवात भएको थियो। BIT कार्यक्रमले समयसापेक्ष पाठ्यक्रम, प्रविधि र अनुसन्धानमैत्री अध्ययनअध्यापन विधिहरू अवलम्बन गरेको छ। यस कार्यक्रममा हाल १८१ जना विद्यार्थी रहेका छन्। साथै ५ जना पूर्णकालीन तथा आवश्यकताका आधारमा आंशिक शिक्षक व्यवस्थापन गरी अध्यापन कार्य भइरहेको छ।

**बी.आइ.टी. (Bachelor in Information Technology) कार्यक्रमअन्तर्गत सम्पादित कार्यहरूः**

- Workshop on Backend Development: (Instructor) इन्स्ट्रक्टर डम्मर खडायतद्वारा सञ्चालन गरिएको
- Front End Web Development: (Instructor) इन्स्ट्रक्टर डम्मर खडायतद्वारा सञ्चालन गरिएको
- Cyber Security & Certified Ethical Hacker (साइबर सुरक्षा र नैतिक ह्याकिङ कार्यक्रम), प्रमाणित नैतिक ह्याकर बिजय बरालद्वारा सञ्चालन गरिएको
- On Campus Hult Prize Competition सम्पन्न
- On campus Hult Prize winner BIT पाँचौं सत्रका चार विद्यार्थीहरूले Hult Prize Mumbai Summit-२०२४ मा भाग लिएका

### ३.५ खेलकुद व्यवस्थापन (Bachelor in Sports Management)

विश्वविद्यालयले खेलकुद क्षेत्रको अभिभावकत्व निर्वाह गर्नुका साथसाथै समग्र खेलकुदको संवर्धन, प्रवर्धन, विकास र खेलकुदप्रतिको आकर्षण अभिवृद्धि गरी खेलकुदको स्तरलाई अझै उचाइमा पुऱ्याउन सक्ने दक्ष, सक्षम, उत्पादनशील र तालिम प्राप्त उच्च स्तरीय जनशक्ति उत्पादन गर्नका निम्ति नेपालमा

नै प्रथम पटक स्नातक तहको पठनपाठन सञ्चालन गर्दै आएको छ। सोहीअनुरूप यस गण्डकी विश्वविद्यालयले वि.सं. २०७८ सालदेखि ४ बर्से (८ सेमेष्टर) स्नातक तहमा खेलकुद व्यवस्थापन विषयको पठनपाठन सुरुवात गरी हाल द्वितीय, चौथो, पाँचौ र छैठौं (चार वटा) सेमेस्टरका कक्षाहरू नियमित सञ्चालन भइरहेका छन्। यस कार्यक्रममा हाल कार्यक्रम संयोजकसहित ४ जना पूर्णकालीन उपप्राध्यापकहरू कार्यरत छन् भने आवश्यकताका आधारमा आंशिक शिक्षकहरूको समेत व्यवस्था गरिएको छ। यस कार्यक्रममा हाल ५० जना विद्यार्थीहरू अध्ययनरत छन्। यस वर्षको भर्नाअन्तर्गत स्नातक तहमा खेलकुद व्यवस्थापन कार्यक्रमका सम्पूर्ण कक्षाहरू मिति २०८१/०१/२४ गतेदेखि सञ्चालन भैसकेका छन्।

**गण्डकी विश्वविद्यालय बी.एस.एम. (Bachelor in Sports Management Program) कार्यक्रमअन्तर्गत सम्पादित कार्यहरूः**

- विश्वविद्यालयको Sports Meet-२०८० आयोजना
- राष्ट्रिय खेलकुद परिषदको आयोजनामा भएको विश्वविद्यालयस्तरीय खेलकुद प्रतियोगितामा सहभागी भई दुई रजत र पाँच कास्य पदक प्राप्त
- "Sports Injury & Nutrition" शीर्षकको साप्ताहिक कोर्स नेपाल आर्मीसँग सहकार्य गरी आयोजना गरिएको
- बी.एस.एम. कार्यक्रमका विद्यार्थी सुस्मिता थापा मगरलाई ITF Taekwondo Asian Championship मा सहभागी हुन सहज वातावरण निर्माण गरिएको
- पोखरा विश्वविद्यालयको आयोजनामा सम्पन्न भएको अन्तरविश्वविद्यालय फुटबल प्रतियोगितामा सहभागी
- U-15 National Games मा खेलाडीहरूको Anthropometic test गरिएको
- राष्ट्रिय खेलकुद परिषदसँगको सहकार्यमा बिरूवा गाउँपालिका, स्याङ्जामा खेल शिक्षकहरूको लागि एक हप्ते तालिम सम्पन्न
- राष्ट्रिय खेलकुद परिषदसँग पोखरा रङ्गशालामा भएका खेल पूर्वाधारहरूको प्रयोगका लागि सम्झौता गरिएको
- एथ्लेटिक्स खेलका प्राविधिकहरूका लागि सन्तुलित भोजन (Balanced diet) सम्बन्धी तालिम प्रदान गरिएको
- बृहत् अन्तरविद्यालय ५ कि.मी. सडक दौड आयोजना गरिएको

## ३.६ बी. फर्मा. (Bachelor in Pharmacy)

यस गण्डकी विश्वविद्यालयअन्तर्गत फार्मेसी विषयको स्नातक तहको पठनपाठन पोखरा महानगरपालिका-३२, मालमुल, ज्ञानकुञ्जमा २०७८ देखि सञ्चालन भइरहेको छ। यस वर्षको, MEC निरीक्षण र मूल्याङ्कनपछि फार्मेसी कार्यक्रमको लागि ३० सिट छुट्याएको छ। जसमा प्रयोगशाला सुविधाहरू, पुस्तकालय स्रोतहरू, कक्षाकोठाहरू र शिक्षण सङ्कायको मूल्याङ्कन गरिएको थियो। यस वर्षवाट (भर्ना वर्ष २०२५) चिकित्सा शिक्षा आयोग (MEC) ले थप १० सिटहरू स्वीकृत गरी, कुल सङ्ख्या ३० पुऱ्याइएको छ। चिकित्सा शिक्षा आयोगले तोकेका अधिकांश मापदण्डहरू पूरा भएकाले स्तरोन्नति प्रदान गरिएको हो। सोको निम्ति चिकित्सा शिक्षा आयोगको परीक्षा उत्तीर्ण विद्यार्थीहरू नेपाल फार्मेसी काउन्सिलको मापदण्डसमेत पूरा गरी अध्ययनरत छन्। यस कार्यक्रममा हाल ७१ जना विद्यार्थी रहेका छन्। साथै ७ जना पूर्णकालीन तथा आवश्यकताका आधारमा आंशिक शिक्षक व्यवस्थापन गरी अध्यापन कार्य भइरहेको छ।

**बी. फर्मा कार्यक्रमअन्तर्गत सम्पादित कार्यहरू:**

- सबै सेमेस्टरहरूको लागि पाठ्यक्रम तयार गरी पाठ्यक्रम विकास समितिमा पेस भई कार्यशालामार्फत अन्तिम रूप दिएर प्राज्ञिक परिषद्ले छैटौं सेमेस्टरसम्मको विस्तृत पाठ्यक्रम स्वीकृत गरेको
- वि.सं. २०८१ सालका सबै सेमेस्टरका सैद्धान्तिक कक्षाहरू शैक्षिक क्यालेन्डरअनुसार समयमै सम्पन्न आन्तरिक परीक्षा र विश्वविद्यालय बोर्ड परीक्षा समयमै सम्पन्न
- प्रत्येक प्रयोगात्मक विषयका लागि विषयविज्ञहरूलाई आमन्त्रित गरी प्रयोगात्मक परीक्षा र बाह्य मूल्याङ्कन सञ्चालन
- सबै सेमेस्टरहरूमा विद्यार्थीको नतिजा उत्कृष्ट रहेको (बोर्ड परीक्षामा १००% उत्तीर्ण दर)
- प्रयोगशालाहरूमा chemicals, reagents, glassware, and instruments थपेर अपग्रेड
- फार्माकोलोजी र माइक्रोबायोलोजी प्रयोगशाला पाठ्यक्रमको आवश्यकताअनुसार पूर्ण रूपमा स्थापना
- फार्मास्युटिक्स र फार्मास्युटिकल विश्लेषण प्रयोगशालाहरू हाल नयाँ उपकरणहरू र रसायनहरू थपिँदै सुधार गरिएको
- प्रत्येक सेमेस्टरका लागि आवश्यक पुस्तकहरू थपिँदै छन् र नयाँ पुस्तकहरू हाल खरिद प्रक्रियामा रहेको

- फार्मास्युटिक्स/Industrial फार्मेसीका लागि एक नयाँ पूर्णकालीन उपप्राध्यापक नियुक्त
- Analytical chemistry, pharmacology, and pharmacognosy जस्ता विषयहरूको लागि विषय विज्ञहरूलाई आमन्त्रित गरी धेरै कक्षाहरू सञ्चालन
- दोस्रो सेमेस्टर (ब्याच २०२३), चौथो सेमेस्टर (ब्याच २०२२) र पाँचौं सेमेस्टर (ब्याच २०२१) का विद्यार्थीहरूले पाठ्यक्रम अनुसारका विषयहरूमा सेमिनार प्रस्तुति
- Gandaki Province Inter-University Pharma Quiz competition organized by the Nepal Pharmaceutical Association, Gandaki, at the Gandaki Conference Hall. Team A from the Pharmacy program at Gandaki University secured 3rd place among seven teams from four pharmacy colleges.
- तेस्रो ब्याच (सन् २०२३) लाई पाठ्यक्रमअनुसार सिक्लेस, कास्कीमा फार्माकोग्नोसी फिल्ड भ्रमण गराइएको
- चौथो सेमेस्टर (ब्याच २०२२) का विद्यार्थीहरूलाई आउटसोर्सिङका रूपमा फार्मास्युटिकल बायोटेक्नोलजी प्राक्टिकल सञ्चालन गर्न रामपुरस्थित कृषि तथा वनविज्ञान विश्वविद्यालयको बायोटेक्नोलजी विभागमा लगिएको
- तेस्रो सेमेस्टर (ब्याच २०२२) का विद्यार्थीहरूलाई माइक्रोबायोलोजी विभाग, पोखरा विज्ञान तथा प्रविधि क्याम्पसमा फार्मास्युटिकल माइक्रोबायोलोजीलाई आउटसोर्सिङको रूपमा प्रयोग गर्न लगिएको
- वृक्षारोपण कार्यक्रम (विद्यार्थीहरूद्वारा जडीबुटी बगैंचामा विभिन्न औषधीय बिरुवा रोपिएको) सम्पन्न

विद्यार्थीहरूद्वारा कार्यक्रम संयोजकको मार्गदर्शनमा स्नातक विद्यार्थीहरूको लागि युवा वैज्ञानिक अनुसन्धान अनुदानअन्तर्गत नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रष्तिष्ठान (NAST) को लागि ६ वटा अनुसन्धान अनुदान प्रस्तावहरू (६ अनुसन्धान टोलीहरू) तयार गरी पेस गरिएको थियो। उक्त प्रस्तावहरूअन्तर्गत समावेश शीर्षकहरू निम्नानुसार रहेका छन्:

- To Explore Ethnomedicinal Plants Used for Dental Disorders in the Lamjung District.
- Study of Antifungal Activity of Methanolic Extract from Latex of Thevetia Peruviana against Ringworm (Trichophyton Rubrum).
- Evaluation of Antibacterial Efficacy of Previously Unexplored Medicinal Plant from

Kaski District Against Common Multi Drug Resistant Bacteria.

- Traditional Medicinal Plants Used for Maternal and Child Healthcare in Parbat District.
- Skin Whitening Property of Colebrookea oppositifolia Sm.
- Comparison of In Vitro Antioxidant and Antidiabetic Activities of Leaves and Roots of Colebrookea oppositifolia Sm.

**विश्वविद्यालयका शिक्षकहरूद्वारा प्रस्तुत अनुसन्धान प्रस्ताव (Research activities and research grant proposal submitted by faculty members):**

- Faculty members completed their research projects funded by RC-II under the faculty research grants.
- Several faculty members developed and submitted research proposals to institutions like NAST, UGC, NHRC, and other grant-providing bodies.
- A few faculty members were awarded research grants and are currently working on those projects.

**आगामी कार्यक्रमहरूः**

- The Medical Education Commission has recently published the results of the Common Entrance Examination for the admission year 2025.
- Admissions will commence in the last week of September and are expected to be completed by December 2024.
- 4$^{th}$-semester students (Batch 2022) are currently taking their board exams.
- 2$^{nd}$, 3$^{rd}$, and 6$^{th}$-semester students are appearing for their first-term examinations.
- 6th-semester students will be taken on a pharmaceutical tour in different pharmaceutical industries as per the syllabus after the Tihar vacation.

# ४. आर्थिक पक्ष

## ४.१ आर्थिक वर्ष २०८०।८१

आर्थिक वर्ष २०८०।०८१ मा प्रदेश सरकारबाट गण्डकी विश्वविद्यालयका लागि चालुतर्फ रु. ७ करोड प्राप्त भएकामा रु. ६ करोड ३७ लाख ७५ हजार ७ सय खर्च हुन गएको देखिन्छ भने पुँजीगततर्फ रु. १० करोड ४२ लाख प्राप्त भएकामा ९ करोड २७ लाख ७४ हजार ६ सय ५ खर्च भएको देखिन्छ।

**तालिका नं. १: आर्थिक वर्ष २०८०/८१ सम्बन्धी विवरण** (बजेट रू. हजारमा)

| क्र. सं. | स्रोत | चालुतर्फ | | | | पुँजीगततर्फ | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक बजेट | जम्मा खर्च | खर्च प्रतिशत | भौतिक प्रगति प्रतिशत | वार्षिक बजेट | जम्मा खर्च | खर्च प्रतिशत | भौतिक प्रगति प्रतिशत | वार्षिक बजेट | जम्मा खर्च | खर्च प्रतिशत | भौतिक प्रगति प्रतिशत |
| १ | प्रदेश सरकार | ७०००० | ६३७७५.७०२ | ९१ | १०० | १०४२००.००० | ९२७७४६.०५ | ८९ | ९५ | १७४२००.००० | १५६५५०.३० | ८९.८७ | ९६ |
| २ | सङ्घ ससर्त | | | | | | | | | | | | |
| | जम्मा | ७०००० | ६३७७५.७०२ | ९१ | १०० | १०४२००.००० | ९२७७४६.०५ | ८९ | ९५ | १७४२००.००० | १५६५५०.३० | ८९.८७ | ९६ |

**तालिका नं. २: आ.व. २०८०/८१ को पुँजीगत खर्च विवरण** (रु. हजारमा)

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | खर्च/ वित्तीय सङ्केत नं. | इकाई | वार्षिक लक्ष्य | | | हालसम्मको भौतिक प्रगति | | | हालसम्मको खर्च | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भारित | प्रतिशत | रकम रू | प्रतिशत |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ११ | १२ | १३ | १४ | १५ |
| १. | गण्डकी विश्वविद्यालय Decanted Classroom भवन निर्माण कार्य क्रमगत | ३१११२ | | १ | ३५.३ | ३६,८००,००० | १ | ३५.३२ | १०० | ३१५५५१०८.० | ८६ |
| २. | गण्डकी विश्वविद्यालय मुख्य प्रशासनिक भवन निर्माण कार्य | ३१११२ | | १ | ९.६ | १०,०००,००० | १ | ९.६० | १०० | ५८९८९३५.० | ५९ |
| ३. | IT Intergrated Lab निर्माण कार्य | ३१११२ | | १ | १.९ | २,०००,००० | ० | ०.०० | ० | २००००००.० | १०० |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | खर्च/ वित्तीय सङ्केत नं. | इकाई | वार्षिक लक्ष्य | | | हालसम्मको भौतिक प्रगति | | | हालसम्मको खर्च | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भारित | प्रतिशत | रकम रू | प्रतिशत |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ११ | १२ | १३ | १४ | १५ |
| ४. | Digital Studio निर्माण कार्य (for ed.Podcass & content creation) | ३१११२ | | १ | १.९ | २,०००,००० | ० | ०.०० | ० | २००००००.० | १०० |
| ५. | गण्डकी विश्वविद्यालयको भवनमा AC/ cooler जडान कार्य | ३१११२ | | १ | २.० | २,१००,००० | ० | ०.०० | ० | २०१२७४४.० | ९६ |
| ६. | Fittness Center Lab स्थापना कार्य | ३१११२ | | १ | ०.१ | १००,००० | ० | ०.०० | ० | ०.० | ० |
| ७. | गण्डकी विश्वविद्यालय प्रि-फ्याब भवनमा अन्तरिक बाटो/Landscapping निर्माण कार्य | ३१११२ | | १ | २.४ | २,५००,००० | ० | ०.०० | ० | २४१३५९५.० | ९७ |
| ८. | गण्डकी विश्वविद्यालय परिसरमा भवन निर्माण र मर्मत, निर्माण कार्य क्रमगत | ३१११२ | | १ | ३.५ | ३,६००,००० | ० | ०.०० | ० | ३५५०६५५.० | ९९ |
| ९. | ज्ञानकुञ्जमा पानी ट्याङ्की र बास्केटबल कोर्ट निर्माण कार्य, पोखरा-३२ निर्माण कार्य क्रमगत | ३१११२ | | १ | २.८ | २,९००,००० | १ | २.७८ | १०० | २८६९२२१.० | ९९ |
| १०. | वार्डचोक देखि गण्डकी विश्वविद्यालयसम्म बाटो तथा नाला निर्माण कार्य, पोखरा-३२ निर्माण कार्य क्रमगत | ३१११२ | | १ | २.६ | २,७००,००० | १ | २.५९ | १०० | २६४३९९६.० | ९८ |
| ११. | डीप बोरिङ्ग निर्माण तथा जडान कार्य, पोखरा-३२ निर्माण कार्य क्रमगत | ३१११२ | | १ | १.५ | १,६००,००० | ० | ०.०० | ० | १५०७३२५.० | ९४ |
| १२. | विद्युतीय तार विस्तार, नेटवर्किङ्ग र सिसिटिभी खरिद तथा जडान कार्य, पोखरा ३२ कार्य क्रमगत | ३१११२ | | १ | २.९ | ३,०००,००० | ० | ०.०० | ० | २९६७१०५.० | ९९ |
| १३. | गण्डकी विश्वविद्यालयको जमिन/जग्गा संरक्षण कार्य | ३१११४ | | १ | १.९ | २,०००,००० | ० | ०.०० | ० | २००००००.० | १०० |
| १४. | सवारी साधन खरिद (बस) | ३११२१ | | १ | ९.६ | १०,०००,००० | ० | ०.०० | ० | ९९९९९९९.० | १०० |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | खर्च/ वित्तीय सङ्केत नं. | स्रोत | वार्षिक लक्ष्य | | | हालसम्मको भौतिक प्रगति | | | हालसम्मको खर्च | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भारित | प्रतिशत | रकम रू | प्रतिशत |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ११ | १२ | १३ | १४ | १५ |
| १५. | फार्मेसी कक्षा सञ्चालनका लागि प्रयोगात्मक उपकरण तथा शैक्षिक सामग्री खरिद कार्य | ३११२२ | | १ | १.० | १,०००,००० | ० | ०.०० | ० | ९९२००८.० | ९९ |
| १६. | गण्डकी विश्वविद्यालयका विभिन्न शैक्षिक कार्यक्रमको लागि शैक्षिक सामग्री/ उपकरण खरिद कार्य | ३११२२ | | १ | ५.२ | ५,४००,००० | ० | ०.०० | ० | ५३४१३३७.० | ९९ |
| १७. | विश्वविद्यालयको नयाँ भवनका लागि कार्पेट तथा पर्दा खरिद | ३११२३ | | १ | ०.२ | २००,००० | ० | ०.०० | ० | १५१८२९.० | ७६ |
| १८. | गण्डकी विश्वविद्यालयका लागि फर्निचर र कार्पेट खरि कार्य क्रमगत | ३११२३ | | १ | १.२ | १,२००,००० | ० | ०.०० | ० | ८८७१२९.० | ७४ |
| १९. | गण्डकी विश्वविद्यालयका लागि फर्निचर खरिद कार्य क्रमगत | ३११२३ | | १ | ५.३ | ५,५००,००० | १ | ५.२८ | १०० | ४८७९९८८.० | ८९ |
| २०. | अनुसन्धान, अन्वेषण तथा आविस्कार केन्द्रका लागि अनुसन्धान कार्य/ Graduate Assistantship/ promotional activies for undergradutae and post graduate program समेत | ३११३२ | | १ | ०.७ | ७००,००० | १ | ०.६७ | १०० | ५६००००.० | ८० |
| २१. | गण्डकी विश्वविद्यालयको विभिन्न विषयका पाठ्यक्रम निर्माण workshop समेत | ३११३५ | | १ | ०.९ | ९००,००० | १ | ०.८६ | १०० | ८४५०३८.० | ९४ |
| २२. | गण्डकी विश्वविद्यालयको भवन निर्माणको लागि बिस्तृत आयोजना विवरण (DPR) तयार, कार्य क्रमगत | ३११३५ | | १ | २.८ | २,९००,००० | १ | २.७८ | १०० | २८८३७१८.० | ९९ |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | खर्च/ वित्तीय सङ्केत नं. | स्रोत | वार्षिक लक्ष्य | | | हालसम्मको भौतिक प्रगति | | | हालसम्मको खर्च | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भारित | प्रतिशत | रकम रू | प्रतिशत |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ११ | १२ | १३ | १४ | १५ |
| २३. | गण्डकी विश्वविद्यालयका पुराना भुक्तानी गर्न बाँकी योजनाहरू तथा विभिन्न कलेज/परिसर, भवन मर्मत सम्भार, मर्मत कार्य | ३११६१ | | १ | ३.८ | ४,०००,००० | ० | ०.०० | ० | ३८२४९३१.० | ९६ |
| २४. | गण्डकी विश्वविद्यालयको विभिन्न कार्यक्रम र पुस्तकालयका लागि पुस्तक खरिद | ३१२२१ | | १ | ०.३ | ३००,००० | ० | ०.०० | ० | २६७८१९.० | ८९ |
| २५. | फार्मेसी र खेलकुद व्यवस्थापन कार्यक्रमका लागि पुस्तक खरिद तथा आपूर्ति कार्य क्रमगत | ३१२२१ | | १ | ०.८ | ८००,००० | ० | ०.०० | ० | ७२२१२५.० | ९० |
| | कुल जम्मा खर्च (पूजीगत) | | | | १०० | १०४२००००० | ८ | ६० | | ९२७७४६०५.० | ८९ |

## तालिका नं. ३: आ.व. २०८०/०८१ को चालु खर्च विबरण

(रू. हजारमा)

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | खर्च/ वित्तीय सङ्केत नं. | स्रोत | वार्षिक लक्ष्य | | | हालसम्मको भौतिक प्रगति | | | हालसम्मको खर्च | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भारित | प्रतिशत | रकम रू | प्रतिशत |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ११ | १२ | १३ | १४ | १५ |
| १. | विभिन्न पदाधिकारी/शिक्षक/कर्मचारीहरूको पारिश्रमिक | २११११ | | १ | ६४.३ | ४५,०००,००० | १ | ६४.२९ | १०० | ४३८१६८३६.८१ | ९७ |
| २. | सामाजिक सुरक्षा शिक्षक/कर्मचारी | ० | | १ | ६.४ | ४,५००,००० | १ | ६.४३ | १०० | ४२३३९७०.०३ | ९४ |
| ३. | पोसाक भता | २११२१ | | १ | १.० | ७००,००० | ० | ०.०० | ० | ५०००००.०० | ७१ |
| ४. | महँगी भत्ता | २११३२ | | १ | २.९ | २,०००,००० | १ | २.८६ | १०० | १७७००००.०० | ८९ |
| ५. | विभिन्न समितिका वैठकहरू | २११४१ | | १ | २.९ | २,०००,००० | १ | २.८६ | १०० | ७३४९२२.०० | ३७ |
| ६. | बिजुली पानी महसुल | २२१११ | | १ | २.९ | २,०००,००० | १ | २.८६ | १०० | १९४२१८७.०० | ९७ |
| ७. | सवारी साधन मर्मत | २२२१३ | | १ | १.१ | ८००,००० | १ | १.१४ | १०० | ७८९४५४.०० | ९९ |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | खर्च/ वित्तीय सङ्केत नं. | एकाइ | वार्षिक लक्ष्य | | | हालसम्मको भौतिक प्रगति | | | हालसम्मको खर्च | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भारित | प्रतिशत | रकम रू | प्रतिशत |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ११ | १२ | १३ | १४ | १५ |
| ८. | बिमा सवारी साधान | २२२१४ | | १ | १.४ | १,०००,००० | १ | १.४३ | १०० | ४१०९५४.७९ | ४१ |
| ९. | अन्य विविध | २२७१२ | | १ | १.४ | १,०००,००० | १ | १.४३ | १०० | ८५८९१२.०० | ८६ |
| १०. | कार्यालयको घर भाडा | २८१४२ | | १ | १०.७ | ७,५००,००० | १ | १०.७१ | १०० | ६४५०२००.०० | ८६ |
| ११. | विभिन्न समितिका बैठकहरू (न्यासिक परिषद् र व्यवस्थापनसम्बन्धी कार्य) | २११४१ | | १ | ०.९ | ६००,००० | १ | ०.८६ | १०० | २०६६९२.०० | ३४ |
| १२. | विभिन्न कार्यक्रमका परीक्षा सञ्चालन तथा परीक्षाफलसम्बन्धी कार्य | २२५२२ | | १ | ३.१ | २,२००,००० | १ | ३.१४ | १०० | १५८६७३७.२० | ७२ |
| १३. | जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य | ० | | १ | १.० | ७००,००० | १ | १.०० | १०० | ४७४८३७.०० | ६८ |
| | कुल जम्मा खर्च (चालु) | | | १३ | १०० | ७००००००० | १२ | ९९ | ९२.३ | ६३७७५७०२.८३ | ९१ |

# ५. भावी नीति तथा कार्यक्रमहरू

विश्वविद्यालय विस्तार र नयाँ कार्यक्रम सञ्चालनमा सकारात्मक उपलब्धि देखिए पनि यसको व्यवस्थापन र समग्र गतिशीलताको लागि थुप्रै काम गर्नु पर्ने छ। प्रदेश सरकारले अघि सारेको सपनालाई साकार पार्न हाम्रो मौलिकतामा आधारित स्रोत, साधनको समुचित परिचालन र उपयोगका साथै जीवनोपयोगी प्राविधिक शिक्षा प्रणाली आजको आवश्यकता हो। यस क्षेत्रको भू-बनावट, आर्थिक, सामाजिक तथा सांस्कृतिक यथार्थतालाई सम्बोधन गर्ने गरी जल, जंगल, जमिन, जनशक्ति र जडीबुटीलाई सही सदुपयोग गरी यस क्षेत्र लगायत सिङ्गो राष्ट्रको जीवनस्तर बदल्ने अनुसन्धानमुखी शिक्षाको प्रवाह गर्न दृढसङ्कल्पित छ। यसका अलावा विश्वविद्यालयले अन्तर्राष्ट्रिय बजारमा अब्बल बन्न सक्ने, परिवर्तित विश्व परिवेशले माग गरेको सक्षम, प्रतिस्पर्धी एवं गुणस्तरीय जनशक्ति उत्पादनका लागि व्यवसायिक तथा प्राविधिक शिक्षालाई अभिन्न साधनका रूपमा स्वीकार गर्नु पर्छ। यसै मूल्य, मान्यतालाई हृदयङ्गम गर्दै विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक उन्नयनका साथै यसलाई अन्तर्राष्ट्रिय जगतमा पहिचान गराउन र आगामी दिनमा विश्वका थप विश्वविद्यालयहरूसँग सहकार्य कायम गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै यो विश्वविद्यालयलाई उच्च शिक्षाको उत्कृष्ट शैक्षिक गन्तव्यका रूपमा स्थापित गर्ने अभियानमा विश्वविद्यालयको मूल नेतृत्व समर्पित हुने छ।

विश्वविद्यालयको साख भनेकै गुणस्तरीय शिक्षासँग जोडिएको हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक कर्मचारीहरूको पेसागत वृत्तिविकासको जरुरी पर्दछ। यसका लागि आवश्यक तालिम, कार्यशाला र सेमिनारहरू समय समयमा सञ्चालन गर्ने कार्यक्रमप्रति बिशेष ध्यान दिनुपर्ने छ। स्वदेशी एवम् विदेशी विश्वविद्यालयहरूसँग प्राज्ञिक सम्बन्धको सुरूवातलाई निरन्तरता दिँदै अन्तर्राष्ट्रिय सम्बन्धलाई मजबुत र प्रभावकारी बनाउनका लागि विद्यार्थी र प्राध्यापक आदानप्रदान गर्ने कार्यक्रम अगाडि बढाउनु पर्ने छ भने समाजसँगको समधुर सम्बन्ध संस्थाको गतिशीलताका लागि महत्त्वपूर्ण हुने भएकाले विश्वविद्यालयको छवी उचो बनाउन र सबैको अपनत्व कायम गर्न समाजका सबै पक्ष तथा शैक्षिक सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा कमी गर्नुहुँदैन। विद्यार्थी भर्नाको सङ्ख्यालाई बढाउन सम्बन्धित सरोकारवाला व्यक्ति र निकायहरूसँग आवश्यक परामर्श र छलफल गरी प्राज्ञिक वातावरण तयार गर्नमा बिशेष ध्यान दिनु उत्तिकै आवश्यक छ।

भौतिक अवस्थाको सुधारका लागि केन्द्रीय क्याम्पसमा सुविधासम्पन्न कक्षाकोठासहितको अध्ययनअध्यापनका लागि थप भवन निर्माण गर्नुपर्ने छ। हाल केन्द्रीय कार्यालय नागरिक उड्डयन प्राधिकरणको भवनबाट सञ्चालित छ। विश्वविद्यालयको सुविधायुक्त केन्द्रीय पुस्तकालय भवन निर्माण गर्नु आवश्यक छ। शिक्षक र कर्मचारीको आवासका लागि सुविधायुक्त आवासको निर्माण गर्नुपर्ने

देखिन्छ। विश्वविद्यालय सरकारी लगानीको भए पनि सरकारले अनुदान आयोगबाट निश्चित रकम मात्र पठाउने व्यवस्था छ। यस परिवेशमा आवश्यक भौतिक अवस्था सुधारका लागि सरकारी लगानीको अतिरिक्त गैरसरकारी लगानी पहिचान गरेर विश्वविद्यालयलाई आत्मनिर्भर बनाउन सकिन्छ। आर्थिक वर्ष २०८१/८२ पुँजीगत खर्चअन्तर्गतका कार्यक्रमहरू निम्नानुसार प्रस्तुत गरिएको छः

**आर्थिक वर्ष २०८१/०८२ पुँजीगत खर्चअन्तर्गतका कार्यक्रमहरू**

- गण्डकी विश्वविद्यालयको मुख्य प्रशासनिक भवन निर्माण कार्य क्रमागत
- गण्डकी विश्वविद्यालयको भवन निर्माणको लागि विस्तृत आयोजना विवरण (Detail Project Reoprt) तयार, कार्य क्रमागत
- गण्डकी विश्वविद्यालय प्रि-फ्याब भवनमा आन्तरिक बाटो/Landscapping निर्माण कार्य क्रमागत
- फार्मेसी कक्षा सञ्चालनका लागि प्रयोगात्मक उपकरण तथा शैक्षिक सामग्री खरिद कार्य (microbiology Lab) क्रमागत
- गण्डकी विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयको भवन निर्माण कार्य
- विभागीय अनुसन्धान व्यवस्थापन इकाई (Departmental Research management Cell setup) निर्माण कार्य
- Multi-Purpose hall setup कार्य
- मल्टीमिडिया स्टुडियो निर्माण कार्य
- सवारी साधन पार्किङ निर्माण कार्य
- गण्डकी विश्वविद्यालय खेल मैदान निर्माण कार्य (भलिबल कोर्ट, क्रिकेट पिच)
- फार्मेसी कार्यक्रमका लागि मोडल फार्मेसी निर्माण कार्य
- गण्डकी विश्वविद्यालयका विभिन्न कलेज/परिसर, भवन मर्मत सम्भार, मर्मत कार्य, निर्माणसमेत
- आविष्कार केन्द्रदेखि मुख्य भवनसम्म बिजुली तार विस्तार कार्य
- ल्याब, लाइब्रेरी एवम् मल्टिपर्पोज हलमा सिसिटिभी जडान कार्य
- ल्याब, लाइब्रेरी एवम् मल्टिपर्पोज हलका लागि इन्भर्टर जडान कार्य
- गण्डकी विश्वविद्यालयको जमिन/जग्गा संरक्षण कार्य
- गण्डकी विश्वविद्यालयका विभिन्न शैक्षिक कार्यक्रमको लागि शैक्षिक सामग्री/उपकरण खरिद कार्य
- सवारी साधन खरिद (विश्वविद्यालय कार्यक्रम तथा पदाधिकारीका लागि)
- मेसिनरी औजार मर्मत सम्भार
- विश्वविद्यालयका लागि कम्प्युटरलगायत अन्य उपकरण खरिद कार्य
- स्नातकोत्तर तहमा कृत्रिम वौद्धिकता (MIT-AI) कक्षा सञ्चालनका लागि प्रयोगात्मक उपकरण तथा

शैक्षिक सामग्री खरिद कार्य

- फार्मेसी कक्षा सञ्चालनका लागि प्रयोगात्मक उपकरण तथा शैक्षिक सामग्री खरिद कार्य
- फार्मेसी कक्षा सञ्चालनका लागि Chemical, Reagent, Glassware खरिद कार्य
- फर्निचर तथा फिक्चर्स
- विश्वविद्यालयको शैक्षिक कार्यक्रम सञ्चालनका लागि कक्षाकोठामा फर्निचर तथा फर्निसिङ कार्य
- पुँजीगत अनुसन्धान तथा परामर्श
- गण्डकी विश्वविद्यालयको बेलचौतारा, मालेपाटन जग्गा विस्तृत परियोजना प्रतिवेदन (DPR) अध्ययन कार्य परामर्श सेवा लिने कार्य
- क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्मेलन गर्ने कार्य
- गण्डकी विश्वविद्यालयका लागि प्रवेश परीक्षा, भर्ना, अनुसन्धान, Digital data Management System लगायत Software खरिद कार्य
- गण्डकी विश्वविद्यालयका विभिन्न कार्यक्रम, अनुसन्धान (Research) केन्द्रीय पुस्तकालय, विभागीय पुस्तकालय (Departmental library) का लागि पुस्तक खरिद कार्य

# ६. गण्डकी विश्वविद्यालयको सङ्गठन

**६.१ साङ्गठनिक ढाँचाः**

न्यासिक परिषद्
कार्यकारी परिषद्
प्राज्ञिक परिषद्
जनशक्ति व्यवस्थापन समिति
सङ्काय
प्राविधिक प्रतिष्ठान
अनुसन्धान केन्द्र र अन्वेषण तथा आविष्कार केन्द्र
विभाग
पाठ्यक्रम र परीक्षा समिति
विश्वविद्यालय पुस्तकालय
न्यासिक परिषद्ले तोकेका अन्य कार्यालय

**तालिका नं. ४: ढाँचा (चार्टमा)**



# ७. गण्डकी विश्वविद्यालय न्यासिक परिषद्ः

### ७.१ न्यासिक परिषद् गठनः

नेपालमा हालसम्म सञ्चालित विश्वविद्यालयहरूको ऐन र ऐनले व्यवस्था गरेको शासकीय स्वरूपभन्दा भिन्न ढङ्गले गण्डकी विश्वविद्यालय ऐन २०७६ जारी भएकोबारे यसअगि पनि उल्लेख गरिएको छ। यस ऐनले विश्वविद्यालय सञ्चालनका सन्दर्भमा हेर्दा विश्वविद्यालयको सर्वोच्च निकायका रूपमा अधिकार सम्पन्न न्यासिक परिषद्को व्यवस्था गरेको छ भने कुलपतिलाई विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रमुख कार्यकारी पदाधिकारीको रूपमा तोकिएको छ जुन अरु विद्यमान विश्वविद्यालयहरूभन्दा भिन्न रहेको छ।

विश्वविद्यालयको सर्वोच्च निकायको रूपमा एक न्यासिक परिषद् रहने छ।

### ७.२ न्यासिक परिषद्

वर्तमान न्यासिक परिषद् देहायबमोजिम रहेको छः

**तालिका नं. ५ः वर्तमान न्यासिक परिषद्**

| क्र.सं. | नाम | पद | जिल्ला |
|---|---|---|---|
| १ | प्रा.डा. कैलाशनाथ प्याकुर्‍याल | अध्यक्ष | बर्दिया |
| २ | चन्द्रप्रसाद ढकाल | सदस्य | बागलुङ |
| ३ | डा. जीत जोशी | सदस्य | तनहुँ |
| ४ | डा. इन्दिरा पौडेल | सदस्य | कास्की |
| ५ | डा. सुनिलबाबु श्रेष्ठ | सदस्य | गोर्खा |
| ६ | कृष्णप्रसाद आचार्य | सदस्य | कास्की |
| ७ | निर्मल गुरुङ | सदस्य | कास्की |
| ८ | दिवाकुमारी तिलिजा पुन | सदस्य | म्याग्दी |
| ९ | राजेन्द्रदेव पाण्डे (सचिव) | सदस्य | तनहुँ |
